# साकेला गाउँपालिकाको न्यायिक समितिको
# आ. व. २०८०।२०८१ को वार्षिक प्रगति प्रतिवेदन

साकेला गाउँपालिका, न्यायिक समिति

मानेभञ्ज्याङ, खोटाङ

बिसिका राई
गाउँपालिका उपाध्यक्ष

त सभाका सभाध्यक्ष ज्यू,
सदस्यहरु, अतिथि गण, निमित्त प्रमुख प्रशासकीय अधिकृत ज्यू, उपस्थित मानुभावहरु तथा लगायत कर्मचारी वर्ग ।

नै ऐतिहासिक संविधानसभाबाट जारी भएको वर्तमान नेपालको संविधान, २०७२ को धारा २१७ बमोजिम केला गाउँपालिकामा गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा एक न्यायिक समिति गठन भई आफ्नो क्षेत्र भित्रका विवाद निरुपणको लागि क्रियाशील रहको व्यहोरा सबैमा विदितै छ ।
य सरकार सञ्चालन एन, २०७४ अनुसार न्यायिक समितिलाई निम्न दुई किसिमको अधिकार रहेको छ ।

ऐनको दफा ४७ (१) अन्तर्गत १३ वटा विवादको निरुपण (कारवाही र किनारा गर्ने अधिकाकर ।

ऐनको दफा ४७ (२) अन्तर्गतका ११ वटा विवाद मेलमिलापको माध्यमबाट मात्र विवाद समाधान गर्ने अधिकार ।

संविधान र कानूनले परिकल्पना गरे अनुसार उपरोक्त ४७ (१) अन्तरगतको विवादमा न्यायिक समितिले निर्णय गर्न पाउने अधिकार भए पनि मेलमिलापलाई नै पहिलो प्राथमिकता दिई विवादका दुवै पक्षहरुको विचमा वातावरण सिर्जना गराई मेलमिलापबाट विवाद समाधानको लागि प्रोत्साहित गर्नुपर्ने र यदि मेलमिलाप बाट विवाद हुन नसकेमा मात्र न्यायिक समितिको संयोजकलाई प्राप्त अधिकार प्रयोग गरी विवादको निर्णय गर्न पाउने कानूनी व्यवस्था रहेको छ । जस्तै - ज्याला मजदुरी नदिएको, जेष्ठ नागरिकको पालन पोषण तथा हेरचाह नगरेको । सँधियारको जग्गा तर्फ झ्याल राखि घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको आदि ।

दफा ४७ (२) को विपायमा भने मेलमिलापको माध्यमबाट मात्र विवाद समाधान गर्नु पर्ने व्यवस्था रहेको यदि मेलमिलाप हुन सकेन भने सोही व्यहोरा उल्लेख गरी र सो सँग सम्बन्धित कागज र प्रमाण समेत सम्बन्धित जिल्ला अदातलमा विवाद समाधानको लागि पठाईदिनु पर्ने कानूनी व्यवस्था रहेको छ । जस्तै - आवासमा अनाधिकृत प्रवेश गरेको, अङ्गभङ्ग बाहेकका बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट, गाली बेइजजती, ध्वनी प्रदूषण, पतिपत्नी वीचको सम्बन्ध विच्छेद आदि । तर पति पत्नी वीचको सम्बन्ध विच्छेद हुने गरी मेलमिलाप गर्न सकिने छैन ।

यी हाम्रो संविधान र कानूनले परिकल्पना गरे अनुसार स्थानीय स्तरमा उत्पन्न हुने सानातिना देवानी तथा केही बाहेकका फौजदारी प्रकृतिको विवादमध्ये केहि विवादलाई न्यायिक समितिले निर्णय गर्न पाउने र केही विवाद मेलमिलापको माध्यमबाट मात्र समाधान गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ ।
सभाका सभाध्यक्ष ज्यू,

न्यायिक समितिको संस्थागत विकास हुन नसक्दा न्यायिक प्रक्रियाले गति लिन सकिरहेको छैन । यसको ज्वलन्त उदाहरणको रुपमा वडामाहरुमा मेलमिलाप केन्द्र गठन नहुनु साथै मेलमिलाप सम्बन्धि तालिम प्राप्त मेलमिलापकर्ताहरुको अभाव हुनु ।

यसरी हामीले मेलमिलाप प्रक्रियाबाट समाधान गर्नु पर्ने भनी किटान भएका विवादहरुलाई समेत न्यायिक समितिले मिलापत्र गराउँदै आईरहेको अप्ठेरो परिस्थितिमा तालिम प्राप्त दक्ष मेलमिलापकर्ता तयार गरी वडास्तरिय मेलमिलापकेन्द्र स्थापना र सञ्चालन गर्ने उद्देश्यले सभाध्यक्ष ज्यूको सहयोग तथा सम्बन्धित सबै सरोकारवाला पक्षको समन्वयमा र न्यायिक समितिको पहलमा मेलमिलाप सम्बन्धि आधारभूत तालिमको आयोजना गरिएको हो ।

मिति २०८१ जेठ १३ देखि २० गतेसम्म सञ्चालन भएको तालिमको प्रशिक्षकको रुपमा मानव अधिकार मञ्च ईलाम, नेपालबाट २ जना सहजकर्ताको व्यवस्था गरिएको थियो । तालिम सन्चालनको लागि महत्वपूर्ण योगदान गर्नु हुने गाउंपालिका अध्यक्ष ज्यू लगायत तालिम सन्चालनको लागि सहयो गर्नु हुने कर्मचारी लगायत तालिममा सहभागी सम्पूर्णलाई न्यायिक समित धन्यवाद व्यक्त गर्दछ ।

सभाका सभाध्यक्ष ज्यू,
जुन उद्देश्यले हामीले आठ दिनको ४८ घण्टे मेलमिलाप सम्बन्धि तालिम सञ्चालन गरेका थियौं ।
१५ जना तालिम प्राप्त दक्ष मेलमिलापकर्ता तयार गर्ने तालिमको मूल उद्देश्य रहेको भएता पनि उक्त तालिममा १२ जना मात्र सहभागि रहेको थियो ।
ती मध्य ११ जना मेलमिलपकर्ताहरु सूचिकृत पनि भइसकेका छन् । सूचिकृत मेलमिलापकर्ताहरुको नामावली यस सम्मानित सभामा पेश गर्ने अनुमति माग गर्दछु र हालसम्म सूचिकृत भएका मेलमिलपकर्ताहरुको नामावली देहाय बमोजिम रहेको छ ।

| क.सं. | सूचिकृत मेलमिलाप कर्ताको नाम, थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| ०१ | श्री यसोदा कोइराला | साकेला गाउँपालिका, वडा नं. ५ | ३ जना |
| ०२ | श्री लक्ष्मी खत्री | | |
| ०३ | श्री यसोधा राई | | |
| ०४ | श्री युवराज दुलाल | साकेला गाउँपालिका, वडा नं. ४ | २ जना |
| ०५ | श्री सुनिता खड्का | | |
| ०६ | श्री अञ्जुला राई | साकेला गाउँपालिका, वडा नं. ३ | ३ जना |
| ०७ | श्री बिनाराज राई | | |
| ०८ | श्री शान्तीकला राई | | |
| ०९ | श्री बविता खत्री | साकेला गाउँपालिका, वडा नं. २ | ३ जना |
| १० | श्री हेम कुमारी राउत | | |
| ११ | श्री लक्ष्मी प्रसाद भट्टराई | | |

यसरी हालसम्म ११ जना मेलमिलापकर्ताहरु सूचिकृत भएको अवस्था छ र आगामी दिनहरुमा वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र स्थापना गरी न्यायिक समितिमा पर्न आएका उजुरीहरु मेलमिलापको लागि मेलमिलाप केन्द्रहरुमा नै पठाउन सकिने वातावरण बन्नेछ भन्ने आसा पलाएको छ । यसको लागि अब चाँडै नै वडा कार्यालयहरुसँग समन्वय गरी मेलमिलाप केन्द्र सञ्चालनको कार्य अगाडी बढाई कानूनमा रहेको प्रावधान अनुसार मेलमिलापको प्रक्रियाबाट विवाद समाधानको लागि पक्षहरुलाई प्रोत्साहित गरिनेछ ।

सभाका सभाध्यक्ष ज्यू,
स्थानीय सरकार सन्चालन ऐन, २०७४ को ८० को प्रयोजनको लागि हामीसँग संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ रहेको छ । कार्यविधिमा १० वटा विषय क्षेत्र सूचकमध्य न्यायिक समितिको कार्यसम्पादनबाट स्वमूल्याङ्क (LISA) मा ७ अङ्क प्राप्त गर्नु पर्ने सबैलाई विदितै भएको कुरा हो । त्यसो भएको हुनाले धेरै कामहरु त भईरहेकै छ । अब हामीले मेलमिलापकेन्द्र गठन गरी सूचिकृत भएका मेलमिलापकर्ताहरुबाट चाँडै नै कार्य सन्चालन गर्ने छौं र त्यसबाट हामीले थप अंक प्राप्त गर्नेछौं । यो उपलब्धीबाट गाउँपालिकाको सुशासनको सूचकमा थोरै भएपनि सकारात्मक प्रभाव पर्नेछ यसको लागि वडाध्यक्ष ज्यू, वडा सचिव ज्यूहरुको पूर्ण साथ सहयोगको अपेक्षा गर्दछु ।

सभाका सभाध्यक्ष ज्यू,
अब म साकेला गाउँपालिकाको न्यायिक समितिमा चालु आ. व. २०८० । ०८१ मा न्यायिक समितिमा दर्ता भएको उजुरीउपर निरुपनको अवस्था केकस्तो रहेको छ भन्ने सम्बन्धमा विस्तृत विवरण यस सम्मानित सभामा राख्न अनुमति माग गर्दछु ।

देहाय :

| चालु आ. व. २०८० । ०८१ | उजुरी फिर्ता संख्या | मेलमिलाप हुन नसकि सम्बन्धित निकायमा पठाईएको संख्या | उजुरी फस्छ्योंट भई लगत कट्टा गरिएको संख्या | छलफलको क्रममा रहेको संख्या | छलफल हुन बाँकी |
|---|---|---|---|---|---|
| ११ | १ | ० | ४ | १ | ५ |

उपरोक्त उजुरीहरुको सम्बन्धमा भन्नु पर्दा आ. व. २०८० । ०८१ म यस गाउँपालिकामा प्राय गरेर स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ को खण्ड (घ) वमोजिम तथा ज्यालामजदुरी नदिएको निवेदन परेको र साप्सु पान्धारे सडक, साना सिंचाई योजनामा काम गर्ने मज्दुरहरु बढी मारमा परेको देखिन्छ । ठेकेदारहरुले खसी बोका, अन्नपात, ढुंगागिटी, वालुवा लगाएतको पैसा नदिएको भन्ने उजुरी परेको देखिन्छ । त्यसैगरी रुख विरुवा लगाएको, लेनदेन, अंशवण्डा, गाली बेईज्जती जस्ता विवादमा उजुरी दर्ता भएको पाईन्छ ।

सभाका सभाध्यक्ष ज्यू,
अदालतहरुमा मुद्दाको चाङ लाग्ने र त्यसको किनारा लगाउन नागरिकले वर्षौं वर्षसम्म झन्जट खेप्नु पर्ने साथै हार जीतको अवस्थाले सम्बन्धहरु अझ विग्रेर जाने र समाजमा शान्ति र विकास कायम नहुने भएकोले राष्ट्रिय अन्तराष्ट्रिय अभ्यास अनुसार नै अदालत भन्दा बाहिर नै सानातिना विवादहरुलाई मेलमिलापको माध्यमबाट किनारा लगाउने तथा देवानी प्रकृतिका विवादको लागि अदालतको झन्जटिलो कानूनी कार्य प्रक्रिया नागरिकले व्यहोर्न नपरोस । छिटो, छरितो, सरल, सहज र सर्वसुलभ ढंगले घर आगन मै न्याय दिने र पक्षहरुको बीचमा हार र जीतको होइन, जीत जीत र हित हितको अवस्था सुनिश्चत गर्ने । साथै फाटेको मनहरुलाई जोडी सम्बन्ध पुनस्थापना गरी र समाजमा शान्ति कायम होस् भन्ने उद्देश्यले संविधानविद् - कानूनविद्हरुले विवाद समाधानको सबैभन्दा उत्तम उपाय मेलमिलापको अवधारणामा जोड दिएको पाईन्छ ।

सभाका सभाध्यक्ष ज्यू,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद - ८ को दफा ४६ देखि ५३ सम्म स्थानीय तहको न्यायिक समितिको काम कर्तव्य तथा क्षेत्राधिकार तोकिएका व्यहोरा विदितै छ। तोकिएको अनुसारको शर्तहरु पूरा गर्न तथा त्यसको लक्ष प्राप्त गर्न हामी माझ थुप्रे समस्याहरु पनि छन्। ती मध्य केही समस्याहरु सभाध्यक्षको अनुमति लिदै यस सम्मानीत सभामा राख्दछु।

समस्याहरु निम्नानुसार रहेका छन :

१. आधारभूत कानूनी सिद्धान्तको ज्ञान भएको कर्मचारीको अभाव।
२. ऐन तथा कार्यविधि निर्माणमा कानूनी सल्लाहाकारको अभाव।
३. उजुरी प्रशासकको रुपमा काम गर्ने कर्मचारी वारम्वार फेरिरहने भएकोले अनुभवको कमी हुनु वा विशेषज्ञता हासिल नहुनु।
४. विपक्षीहरु तोकिएका समयमा उपस्थित नहुने, फोन सम्पर्कमा नआउने।
५. सूचिकृत भई मेलमिलापकर्ताको रुपमा काम गर्ने मेलमिलापकर्ताहरुलाई पारिश्रमिकको व्यवस्था नहुनु। आदि।

अन्त्यमा,
माथि प्रतिवेदनमा उल्लेख गरिएको समस्याहरुको समाधान गरी न्यायिक समितिलाई चुस्त दुरुस्त तथा प्रभावकारी बनाउनको लागि सभाध्यक्ष ज्यूको सकारात्मक सहयोग रहँदै आईरहेको छ र त्यसको लागि धन्यवाद व्यक्त गर्दछु। आगामी दिनहरुमा पनि न्यायिक समितिको संस्थागत क्षमता विकिासको लागि अझ सहयोग प्राप्त हुनेछ भन्ने कुरामा म आशावादी रहेको छु। न्यायिक समितिको न्याय सम्पादन सम्वन्धि काम कारवाहीलाई अझ प्रभावकारी एवं जनमुखी बनाई समाजमा शान्ति, अमन चयन, विकास, समृद्धि र सुशासन कायम गर्न न्यायिक समिति पूर्ण प्रतिवद्ध रहेको व्यहोरा यस सम्मानित सभामा व्यक्त गर्दछु। साथै न्यायिक समितिबाट न्याय सम्पादन सम्बन्धि न्यायिक निरुपण तथा न्यायिक गतिविधिहरुलाई प्रभावकारी बनाउन आ-आफ्नो ठाउँबाट सहयोग गर्नु हुने यस सभाका सभाध्यक्ष ज्यू तथा सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू तथा सम्पूर्ण राजनैतिक दल, विभिन्न सरोकारवाला निकाय, सम्पूर्ण साकेलावासी आमा बुवा, दाजुभाइ तथा दिदी वहिनीहरुप्रति हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु। साथै आगामी दिनहरुमा पनि यहाँहरुको पूण सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद, नमस्कार।

मिति : २०८१।०३।११

बिर्सिका राई
उपाध्यक्ष
तथा
न्यायिक समिति संयोजक